आज मिति २०७४ साल असाढ २१ गते बुधबारका दिन यस चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख अमानसिँ तामाङको अध्यक्षतामा बसेको दोश्रो नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमका प्रस्तावहरुमा निम्न बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

प्रमुख अमानसिँ तामाङ

उपप्रमुख जानुका पराजुली

कार्यकारी अधिकृत उमाकान्त अधिकारी

वडा न १ वडाध्यक्ष सानुकान्छा श्रेष्ठ

वडा न २ वडाध्यक्ष दिपेन्द्र थापा

वडा न ३ वडाध्यक्ष टेक बहादुर तामाङ

वडा न ४ वडाध्यक्ष चुडामणी नेपाल

वडा न ५ वडाध्यक्ष नरमान श्रेष्ठ

वडा न ६ वडाध्यक्ष तोक बहादुर तामाङ

वडा न ७ वडाध्यक्ष उमा प्रसाद दुलाल

वडा न ८ वडाध्यक्ष तिर्थ ब. श्रेष्ठ

वडा न ९ वडाध्यक्ष विष्णु लामा

वडा न १० वडाध्यक्ष वेल बहादुर महत

वडा न ११वडाध्यक्ष शुसिल वहादुर माझि

वडा न १२ वडाध्यक्ष ध्रुवराज गिरी

वडा न १३ वडाध्यक्ष रामप्रसाद गौतम

वडा न १४ वडाध्यक्ष शेर बहादुर श्रेष्ठ

नगरकार्यपालिका सदस्य उर्मिला थापा परियार

नगरकार्यपालिका सदस्य रोजिना घतानी

नगरकार्यपालिका सदस्य आशामाया माझी

नगरकार्यपालिका सदस्य शर्मिला नेपाली

नगरकार्यपालिका सदस्य विष्णुमाया तामाङ

नगरकार्यपालिका सदस्य सागर परियार

नगरकार्यपालिका सदस्य गणेश वि.क.

नगरकार्यपालिका सदस्य नारायणदेवी घले

<u>प्रस्तावहरु</u>

१. पहिलो बैठकबाट प्रस्तावित, संशोधित तथा थप नीति एवं योजनाहरुमा छलफल र नगरसभामा प्रस्ताव
२. राजस्व परामर्श समितिलाई पुर्णता दिने ।
३. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिलाई पुर्णता दिने ।
४. निम्न बमोजिमका कार्यपालिकाका समितिका सदस्यहरु तोक्ने
   - सार्वजनिक सेवा तथा क्षमता विकास समिति
   - आर्थिक विकास समिति
   - सामाजिक विकास समिति
   - पुर्वाधार विकास समिति
   - वातावरण तथा विपद् व्यवस्थापन समिति
   - विधेयक समिति
५. बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई पुर्णता दिने ।
६. वडाहरुको योजना प्राथिमिकिकरण तथा एकिकृत योजना तर्जुमा सम्बन्धमा ।
७. नगरसभाको शुरु बैठक तथा समापन बैठकको मिति र स्थान सम्बन्धमा ।
८. सँघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त हुन आएका स्थानिय तह सन्चालन सम्बन्धि विभिन्न नमुना कानूनहरु यस नगरपालिका अनुकुल बनाई स्वीकृतिका लागि सभामा पेश गर्ने ।

निर्णयहरु

१. **प्रस्ताव नँ. १ का सम्बन्धमा छलफल गर्दा**

क. यस नगरकार्यपालिकाको पहिलो बैठकबाट स्वीकृत गरिएका नगरपालिकाका तत्कालिन, अल्पकालिन र दिर्घकालिन नीति तथा कार्यक्रमहरुका अलावा समग्रमा निम्नानुसार नीति कार्यक्रमको वर्गिकरण गरि थप, संशोधित तथा परिमार्जित सहित विषयगत एवँ अवधिगत रुपमा नगरपालिकाको समग्र नीति तथा कार्यक्रमको रुपमा नगरसभामा प्रस्ताव गरि सो बमोजिम बजेट, नीति तथा कार्यक्रम निर्माण गर्ने निर्णय गरियो ।

ख. **सम्बृद्दिका आधारहरु निम्न पहिचान गरियो :-**

-एक घर एक रोजगार ।

-उद्योग व्यवसायको सञ्चालन ।

-सडक सञ्जालको विस्तार, स्तरोन्नती ।

-कृषि, गैह्रकृषि उत्पादनमा आत्मनिर्भर ।

-स्वच्छ बातावरण ।

-जलविद्युत उत्पादन ।

-पर्यटन क्षेत्रको विकास, विस्तार ।

-शिक्षा ।

-स्वदेशी र विदेशी लगानीद्धारा सञ्चालन हुने मझौला तथा ठूलो परियोजना ।

-खानेपानी र सरसफाइ ।

ग. नीति तथा कार्यक्रमहरु

सुशासनतर्फ

- राज्यको सेवा सुविधा, कर्मचारी नियुक्ती, सरुवा बढुवालाई पारदर्शी र समानुपातिक वितरण गर्नमा ध्यान दिनेछ ।

पुनःनिर्माणतर्फ

- पुननिर्माणलाई तुरुन्त अगाडी बढाइनेछ र छुटफुट भइ गुनासो फाराम भरेका भुकम्पपिडितहरुको पुन मुल्याङकन तुरुन्तै गरिनेछ ।
- व्यक्तिको घरधुरी एवं सार्वजनिक भवनको पुर्ननिर्माणको कामलाई तिब्रता दिन सरकारी क्षेत्र, जि.स.स, पुर्ननिर्माण प्राधिकरण, गैसस, अगैसस संग समन्वय गरी पुननिर्माणलाई प्रभावकारी बनाईने छ ।
- नक्सा बनाउने कार्यलाई सरल,सहज र सहुलीयत दरमा वनाइने ब्यवस्था मिलाइनेछ ।
- भूकम्प पीडितको नक्सा निर्माण र दोस्रो र अन्तिम किस्ताको राहत प्याकेज सहज बनाइनेछ ।
- एकीकृत बस्ती विस्तारको लागि १ वडा १ एकीकृत बस्ती निर्माण कार्य प्ररम्भ गरिनेछ ।
- एकीकृत बस्ती बिस्तारका लागि अल्पकालीन, मध्यकालीन र दिर्घकालिन योजना तयार गरिनेछ ।
- नगरपालिकाकासंग समन्वय गरी एकीकृत बस्ती निर्माणको कार्यलाई अगाडी बढाउन चाहने गैसस, अगैससलाई प्रोत्साहित गरिनेछ ।

- आन्तरिक तथा बाह्य पर्याटन प्रबर्दन गर्ने उदेश्यले भूकम्प स्मारक पार्क  निर्माण गर्न सहज बातावरण बनाईनेछ।
- भुकम्प पडितको पहिलो, दोश्रो, तेस्रो किस्ता र गुनासो को विवरण वडा कार्यालयबाट अद्यावधिक गर्ने
- पुननिर्माणका प्राविधिकहरुको सुपरिवेक्षण तथा कार्य नियमन वडा कार्यालयबाट गर्ने ।
- जाईका ईन्जिनियरहरुलाई पुननिर्माण सम्बन्धि नक्सा बनाउन सहयोग माग गर्ने।
- पुननिर्माणका प्राविधिकहरुसँग वडास्तरमा समन्वयात्मक रुपमा काम गर्ने ।
- पुर्ननिर्माण अभिलेख व्यवस्थापन गरिनेछ ।

## कृषि तथा स्वरोजगारतर्फ

- दुध डेरी उत्पादन संग जोडिएका चीजबीचको उत्पादन, पशुपालनलाई (बाखा, कुखुरा, बंगुर, गाइभैसी ) प्रोत्साहित गरिनेछ।
- व्यवसायिक खेती तथा पशुपालन गर्ने कृषक एवं उद्योमीहरुलाई नगरपालिकाबाट **अगुवा कृषक/उद्यमी परिचपत्र** वितरण र सोहीमार्फत राज्यको अनुदान तथा सेवासुविधाको व्यवस्थापन गरिनेछ।
- अमृसो खेती, तरकारी खेती, फूलहरुको खेती, माछापालन आदी क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरिनेछ।
- **“एक घर-एक टनेल,एक प्लाष्टिक पोखरी-आफ्नो लागि आफ्नै तरकारी”** कार्यक्रम सञ्चालन गरी थोपा सिचाईको अवधारण अनुरुप खेर जाने पानीको संकलन गरी तरकारी उत्पादन अगाडी बढाईनेछ।
- बाँझो जमिन राख्न नपाउने नीति लागु गरिनेछ। त्यस्ता जमिनको उत्पादकत्व बढाउन मौसमी, बेमौसमी तरकारी खेती, पशुपालन, फलफूलखेती, फूलबगैचा निर्माणमा लाई प्रोत्साहित गरिनेछ ।
- जमिन भाडामा लिएर व्यवसायिक पशुपालन वा खेती गरी रोजगारी र उत्पादकत्व बढाउनेलाई प्रोत्साहन गर्ने योजना ल्याईनेछ।
- कृषिजन्य उत्पादित बस्तुहरुको लागि सुरक्षित भण्डारणका लागि एक चिस्यान केन्द्र निर्माणको पहल गरिनेछ।
- चौ .सा .गढी नगरपालिकालाई अर्गानिक खेती उत्पादनमा प्रोत्साहित गरिनेछ। यसका लागि कृषि क्षेत्रमा काम गर्दै आएका सरकारी एवं गैरसरकारी निकाय विच समन्वय गरिनेछ।
- दुग्ध, तरकारी  तथा माछा पकेट क्षेत्रको पहिचान, विकास र वजारीकरणलाई प्रवर्द्दन गर्ने ।
- हाटवजार व्यवस्थापन तथा अर्गानिक तरकारी बजारको व्यवस्थापन गर्ने ।
- एकिकृत मासु वजार व्यवस्थापन गर्ने ।
- सिमसार क्षेत्रमा अलैंची, अम्रिसो खेती प्रोत्साहित गर्ने ।
- कृषि कार्यालयबाट नगर क्षेत्रमा निस्कृय रहेका बाँझो जग्गाको लगत लिने र  खेतीका लागि प्रोत्साहित गर्ने ।
- जग्गा बाँझो राख्ने कार्यलाई दुरुत्साहन गर्ने ।
- कृषिको व्यवसायिकरण सम्बन्धि योजना तथा कार्यक्रम सन्चालन गर्ने ।

## उद्योगतर्फ

- मासुपसल, लप्सी केन्डी उत्पादन, वन पैदावर जन्य उद्योग  (जडीवुढी, काष्ठजन्य पैदावार, फर्निचर उद्योग ) जस्ता **पकेट क्षेत्रको** छनौट एवं सम्भावित अध्ययन गरिनेछ।
- डकर्मी सिकर्मीलाई विभिन्न तालिम दिई स्वदेशमै रोजगार सृजना गर्नको लागी प्रोत्साहित गरिनेछ ।

- घुम्ती कोषमार्फत विपन्न वर्गको आयआर्जनमा जोड दिने कार्यक्रमहरु संचालन गरिनेछ।
- साना तथा मझौला उद्योग निर्माण गर्ने व्यक्ति वा संस्थालाई प्रोत्साहन गरिनेछ।
- **एक घर एक रोजगार** दिने(व्यक्तिको सीप क्षमता, दक्षता अनुसार) त्यस्तो उद्योगलाई अनुदानद्धारा पुरस्कृत गरिनेछ।
- साना तथा मझौला उद्योगहरू सञ्चालन गरी रोजगारीको अभिवृद्धि गरिनेछ।
- नेपाली कागज उद्योग, साबुन उद्योग, सलाई उद्योग, इटा उत्पादन जस्ता घरेलु उद्योगलाई प्रोत्साहित गरिनेछ।
- **उद्योग, कलकारखाना स्थापना तथा संचालनमा सहयोग गर्ने । लगानी मैत्री वातावरण बनाउने ।**
- **उद्यम विकास तथा प्रबर्दनको माध्यमबाट रोजगारी सृजना गरिनेछ ।**

## सिँचाईतर्फ

- वर्षातको पानी संकलन गरी सुख्खायाममा सिचाई गर्ने कार्यक्रम, **एक गाउँ एक पोखरी** निर्माण गर्न पहल गरिनेछ।
- **कृषि, तरकारी, फलफुल लगायत पकेट क्षेत्रहरुमा सिँचाईको सुनिश्चतता गर्ने**
- **डाँडामा पोखरी खेतवारीमा तरकारी अभियानका साथ आकाशेपानीको प्रवन्ध गरि सिँचाईको प्रवन्ध गर्ने**

## पुर्वाधारतर्फ

- नगरक्षेत्रभित्र पर्ने सडक, ( चौतारा-स्याउले सडक, नौविसे-चौतारा, चौतारा-सानोसिरुवारी-झ्याँडी, चौतारा-पिपलडाडा- झ्याँडी, जल्किने-ठूलासिरुवारी सडक, जलकिने- कदम्बास-सुकुटे सडक, मेल्चौर-भैसे, चौतारा-बतासे सडक) कालोपत्रे गर्न र अन्य सडकको ग्राभेलिङ तथा स्तरोन्नतीमा जोड दिईनेछ।
- **सडक सन्जाल नपुगेका वस्ति टोलहरुमा सडक सन्जाल पुर्याउने ।**

## वातावरण तथा सरसफाईतर्फ

- **बजार क्षेत्रको फोहोर व्यवस्थापनलाई ठेक्का सम्झौता मार्फत व्यवस्थित गर्ने । सो अघि डम्पिङ साईट खोज्ने, सोको पुर्वाधार तयार गर्ने र फोहोरको ठेक्का गर्ने।अन्य वडाहरुमा पनि फोहोर व्यवस्थापनको कामहरु शुरु गर्ने ।**
- **नगरलाई प्लाष्टिक मुक्त गर्ने वातावरण बनाउने ।**
- **डम्पिङसाईट एकिन गर्ने र सो को पुर्वाधार तयार गर्ने ।**

## स्वास्थतर्फ

- **जनतासंग डाक्टर** कार्यक्रम सञ्चालन गरिनेछ।
- मातृशिशु सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाइ बाल मृत्युदरलाई पूर्ण रुपमा नियन्त्रण गर्ने कार्यक्रम ल्याइनेछ।
- कृषक तथा मजदुरको स्वास्थ विमा सम्बन्धी नीतिगत कार्यक्रम बनाइने छ।
- एक वडा एक सुविधासम्पन्न डाक्टर सहितको स्वास्थचौकी निर्माण गर्ने र प्रत्येक स्वास्थ्य चौकीमा एम्बुलेन्सको व्यवस्था गर्ने कार्य अगाडी बढाईनेछ।
- जिल्ला अस्पताल चौतारालाई राष्ट्रिय तहको टिचिङ अस्पतालको रुपमा विकास गर्न पहल गरिनेछ।
- **हस्पिटलको भौतिक तथा सेवाको गुणस्तरमा सुधार ल्याउने ।**
- **प्रत्येक वडाहरुमा आधारभुत स्वास्थ उपचार सुनिश्चत गर्ने ।**
- **Online स्वास्थ सेवालाई प्रबर्दन गर्ने ।**

- असहाय स्वास्थ उपचार कोष स्थापना गर्ने ।

**खानेपानीतर्फ**

- चौसागढी नगरभित्र सहज खानेपानीको व्यवस्थापन, ढल निकास व्यवस्थापन गर्नमा जोड दिईनेछ ।
- सानातिना खानेपानी मुहान संरक्षणमा विशेष जोड दिईनेछ ।
- प्रत्येक वडामा सार्वजनिक खानेपानी र शौचालयको व्यवस्था गर्न पहल गरिनेछ ।
- पाँचपोखरीको पानी चौ.सा.गढीमा ल्याई खानेपानी आपूर्ति गर्न पहल गरिनेछ ।
- नगरबासीको सबै वस्तीमा खानेपानी पुर्‍याउने योजना अन्तर्गत **एक घर-एक खानेपानी धारा**लाई कार्यान्वयनमा ल्याउन विषेश पहल गरिनेछ ।

**उर्जातर्फ**

- १ टोल एक सौर्य उर्जा जडानका लागि पहल गरिनेछ ।
- हाइड्रो पावरको सम्भाव्याता अध्ययन गरि बहुउद्देश्यीय परियोजना संचालनमा जोड दिईनेछ ।
- इन्द्रावती जलशायको निर्माण गर्न पहल गरिनेछ ।
- बनदेउदेखि -सिपाघाटसम्को जलाशय निर्माणका लागि सम्भाविता अध्ययन र कार्यान्वयनमा जोड दिईनेछ ।
- झ्याडी, कुविण्डे, बलेफिको खोलाबाट साना ठूला जलविद्युत उत्पादनका लागि पहल गरिनेछ ।
- **नगर प्रमुखको पदवहालीमा भएको निर्णय अनुसार काठको पोलमुक्त नगर निर्माण अभियान प्रारम्भ भई सकेकोले जुनसुकै स्रोतबाट प्राप्त हुने नयाँ पोलहरुलाई काठका पोल हटाई तत् स्थानमा नयाँ पोल सम्भव भएसम्म फलामका पोल नै पुर्नस्थापन गर्ने र सवै वडाहरुबाट के कति काठका पोलहरु हाल विद्यमान रहेका छन् सो को विवरण तत्काल वडा कार्यालयहरुले उपलब्ध गराउने ।**

**लक्षिततर्फ**

- लैगिक हिसा, छुवाछूत भेदभाव, बालबालिका हिंसा, बोक्सी, दाइजो प्रथा विरुद्ध जागरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- दलित समुदायमाथि लादिएको श्रमशोषणको अन्त्यका लागि **'बाली प्रथा मुक्त नगर'** घोषणा गर्न पहल गरिनेछ ।
- बाली प्रथालाई नगदमा रुपान्तरण गर्न त्यस्ता विपन्न दलित परिवारलाई सरकारी एवं गैरसरकारी/अन्तराष्ट्रिय गैरसरकारी संस्थाद्धारा अनुदानको विशेष व्यवस्था गर्न पहल गरिनेछ ।
- दलित, महिला, जनजाति, अपाङ्गता भएका व्यक्तिहरुको साझा संजाल निर्माण, सशक्तिकरण र सुदृढीकरणका लागि आवश्यक कार्यक्रमहरु ल्याईनेछ ।
- सामाजिक अध्ययन अनुसन्धान जस्तै कुनै पछाडि पारिएको जातजातिको शिक्षा, भाषा, साहित्य, स्वास्थ्य, आर्थिक सामाजिक अवस्था झल्कने, त्यस्तै उद्योग, व्यवसायिक अध्ययन अनुसन्धान जस्तै मौसमी खेती, पशुपालन, साना-मझौला-ठूलो उद्योगहरु सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- **धुवाँरहित मुक्त भान्छा नगर** घोषणा गर्न पहल गरिनेछ ।
- विपन्न परिवारलाई सुधारिएको चुलो, बायो ग्याँस निर्माणका लागि सरकारी एवं गैरसरकारी/अन्तराष्ट्रिय गैरसरकारी संस्थाद्धारा अनुदानको विशेष व्यवस्था गर्न पहल गरिनेछ ।
- शहिद परिवारका बालबच्चाको रोजगारी र शिक्षामा ध्यान दिने विशेष कार्यक्रम ल्याईनेछ ।
- **छोरीको जन्मदर्ता, छोरीको विद्यालय भर्ना र छोरीको नाममा बैंक खाता खोल्न प्रोत्साहित गर्ने ।**

- छोरी संरक्षण कार्यक्रमका विभिन्न गतिविधि सचालन गर्ने ।
- गर्भवती र जोखिममा रहेका आमाहरुको स्वास्थ उपचारमा विशेष सहयोग गर्ने।
- दलित र विपन्न महिलाहरुको समुह निर्माण र आय आर्जनका कार्यक्रम सचालन गर्ने ।
- महिला हिसा मुक्त नगर अभियान शुरु गर्ने ।
- विद्यालय वाहिर रहेका दलित तथा अनाथ वालवालिकालाई विद्यालयको पहुँचमा पुर्याउने ।
- वालश्रमको नियन्त्रण र पुर्नस्थापना कार्य अगाडी बढाउने ।
- जोखिममा रहेका महिलाको संरक्षण तथा पुर्नस्थापना कार्य प्रभावकारी बनाउने ।
- अपाङगता भएका व्यक्तिलाई सवलीकरण तथा प्रतिभा पहिचानका कार्यक्रम सँचालन गर्ने ।
- महिला हिँसा न्यूनिकरण तथा हिँसा पिडित महिलाको तत्काल गुनासो सुनुवाईको व्यवस्था गर्ने ।साथै सामाजिक मेलमिलाप कार्यलाई प्रोत्साहित गर्ने।
- बाल श्रमिक र महिला हिँसाको पुर्ण उन्मुलन गर्ने ।
- अनाथ र वेसाहारा महिला, बालबालिकाका लागि आवासिय पुर्स्थापना ।
- शिक्षाको पुर्ण सुविधा सहित बालगृह सँचालन गर्ने ।
- २०७५ साल पौष मसान्तसम्म नगरलाई बालमैत्री नगरको रुपमा घोषणा गर्ने ।

## पुर्वाधारतर्फ

- सामुदायिक भवन निर्माण कार्य अगाडी बढाईनेछ।
- दाहसंस्कार तथा किरिया घर निर्माण गर्ने, विभिन्न घाटको स्तरोन्नती तथा नवनिर्माणमा जोड दिईनेछ।
- प्रत्येक वडामा बालमैत्री, अपाङ्मैत्री, युवामैत्री,बृद्धमैत्री सार्वजनिक पार्क, बगैचा निर्माण गर्न पहल गरिनेछ।
- व्यवस्थित नगर विकास योजना वा योजनाबद्ध पहाडी शहरीकरणको व्यवस्थापन गर्न पहल गरिनेछ।
- सबै वडालाई छुनेगरी चक्रपथ वा रिङरोडको सर्भे गरिनेछ।
- एकीकृत शहरी विकास आयोजना जस्तै जग्गा एकीकरण, बाटोको मापदण्ड, खानेपानी, ढल, सिचाई, विद्यालय, उद्यान, खेलकुद मैदान आदीलाई एकिकृत योजनाको रुपमा अगाडी बढाईनेछ। यस कामका लागि सम्बन्धीत सरकारी, गैरसरकारी निकायसंगको छलफल/पैरवीलाई निरन्तरता दिईनेछ।
- चौतारा रिङरोडको विकास र विस्तार कार्य अगाडि बढाउने ।
- प्रत्येक वडा कार्यालयहरु सम्म कालोपत्रे पिच बाटो पुर्याउने ।
- प्रत्येक वडा कार्यालयहरुको आफ्नै भवन निर्माण गर्ने ।
- प्रत्येक वडामा चिल्ड्रेन पार्क बनाउने ।
- प्रत्येक वडामा सामुदायिक भवन निर्माण गर्ने ।
- चौतारा रिङरोडलाई विकसित र व्यवस्थित बनाउने ।
- चौतारा-सानोसिरुवारी-ठुलो सिरुवारी-डढुवा-साँगाचोक-कदमबास-इर्खु-कुविण्डे-बतासे-स्याउले-पिपलडाँ हुदै सानोसिरुवारी जोड्ने रिङरोड निर्माण गर्ने ।
- सडक तर्फ गोठ निर्माणलाई निरुत्साहित गर्ने ।
- नगरका सवै घरका छाना र घरका भित्ताहरुमा एउटै कलर प्रयोग गर्न प्रोत्साहित गर्ने।
- नगर बसपार्कलाई अत्याधुनिक बनाउने ।

- **चौतारा बजार क्षेत्रमा वृहत सभाहलको निर्माण गरिनेछ ।**
- **हुल्दुङ्गा –छाडे खोलाको पहरो व्यवस्थापन गरिनेछ ।**
- **चौतारा –स्याउले सडक घुम्ती मोड सुधार गरिनेछ ।**
- **आर्मी व्यारेक नजिक दैवी प्रकोप सामग्री भण्डारको जोखिम हटाईने छ ।**

<u>सँस्कृति तथा पर्यटनतर्फ</u>

- तत्कालै संरक्षण गर्नुपर्ने पुरातात्विक भवन एवं ठाउँहरुको मर्मतसंभार, संरक्षण, प्रवर्द्धन गरिनेछ ।
- पाटी पौवा, कुवा, धारा, मन्दिर, चर्च, गुम्बा आदी पुरातात्विक सम्पदाको संरक्षण गरी आन्तरिक पर्यटन भित्र्याउन पहल गरिनेछ ।
- धार्मिक अल्पसंख्यक (क्रिश्चियन, मुश्लिम, बुद्धिष्ट जस्ता ) को मागलाई सम्बोन्धन गर्ने कार्यक्रम ल्याईनेछ ।
- ऐतिहासिक सागाँचोक गढीको संरक्षण, पुरानो पाटीपौवा ढुङ्गेधारा मन्दिरको संरक्षण गरिनेछ ।
- चौतारा सागाचोकगढी नगरपालिका लाई टुरिजम हकको रुपमा विकास गर्न विस्तृत योजना तर्जुमा गरीने छ ।
- चौतारा - पाँचपोखरी जोड्ने सडक सञ्चालन गरी पर्यटन क्षेत्रको विस्तार गरिनेछ ।
- दारेगौंडा वा माथिल्लो ट्याँङ्कीबाट प्यारा्ग्लाइडिङ सञ्चालन गर्न सम्भाव्यता अध्ययन र कार्यान्वयनमा जोड दिईनेछ ।
- विभिन्न जातजातिको भेषभूषा, पुरातात्विक सम्पदाको संरक्षण गर्न तथा पर्यटन प्रबर्दनका लागि म्यूजियम वा नगर संग्राहलयको व्यवस्था गर्ने पहल गरिनेछ ।
- चौताराको पुरातात्विक एवं सांस्कृतिक सम्पदाको पुननिर्माण गरिनेछ ।
- **गौरती, भिमेश्वर, हर्लङ बर्लङ्, साँगाचोकगढी, भदौरे गणेश तथा रानीपोखरी जस्ता नगरका पर्यटकीय तथा धार्मिक स्थलहरुलाई पर्यटक मैत्री बनाउने ।**
- **पर्यटन क्षेत्रको पहिचान गरि प्रत्येक वडामा ५ वटा होम स्टे को अवधारणा विकास गर्ने ।**
- **आलु उत्पादन र चिसो मौसम को कारण ओखरेनी क्षेत्रलाई पर्यटन सम्भावना क्षेत्रको रुपमा विकास गर्ने र हाई भ्यु टावर निर्माण गर्ने ।साथै छाप आहालडाँडामा जुलोजिकल पार्क, रानीपोखरीमा भ्यु टावर, पिकनिक स्पोर्ट निर्माण गर्ने ।**
- **विभिन्न जातीय तथा साँस्कृतिक कार्यक्रम सँरक्षण गरिनेछ ।**

<u>सामाजिक सुरक्षातर्फ</u>

- **बृद्धभत्तालाई मोबाइल बैकिंङ वा शाखा रहित बैंकिङ्ग प्रणालीमार्फ**त प्रत्येक वडाका बस्तीहरुमा वितरण गर्न पहल गरिनेछ ।
- नगरभित्र रहेका असाहय बृद्धबृद्धाको संरक्षण गर्नका लागी एकवटा सूविधासम्पन्न बृद्धाश्रम निर्माण कार्यको थालनी गरिनेछ ।

<u>विपद व्यवस्थापनतर्फ</u>

- बाढी, पहिरो भूक्षयजस्ता जोखिममा परेका मानव बस्ती, जग्गा जमिनको क्षति न्यूनिकरण सम्बन्धी कार्यक्रम ल्याईनेछ ।
- विपद् व्यवस्लथापन सम्बन्धी विविध गतिविधिहरु सञ्चालन गरिनेछ ।
- **विपद व्यवस्थापन कोष स्थापना गर्ने ।**

## सहकारीतर्फ

- बचत तथा ऋण सहकारी, बहुउद्देश्यीय सरकारीलाई प्रोत्साहीत गरिनेछ ।
- वडा-वडामा सहकारी अभियान संचालन गरिनेछ ।

## शिक्षातर्फ

- विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरिने छ ।
- गुणस्तरीय शिक्षाको विकासका लागि कर्तव्यपरायण शिक्षकलाई पुरस्कृत गरिनेछ ।
- गैरजिम्मेवार शिक्षकलाई कडाइका साथ दण्डीत गरिनेछ ।
- शिक्षकले विद्यालय समयमा ड्यूटी गरे नगरेको जाँच गर्न प्रत्येक विद्यालयमा विद्युतीय हाजिर मेशिनको जडान कार्य थालनी गरिनेछ ।
- नगरभित्र रहेका विपन्न व्यक्ति(दलित, महिला, जनजाति, अपाङ्गता भएका र आर्थिक रुपमा पछाडि रहेका अन्य) लाई नगर भित्र संचालित शैक्षिक संस्थामा स्नाकोत्तर तहका जुनसुकै विधाका **(शिक्षा, अर्थशास्त्र, बाणिज्यशास्त्र,समाजशास्त्री, भूगोलविद्.....आदी)** पढ्न दश जना विद्यार्थीलाई प्रति विद्यार्थी **रु. १०,०००।-(दश हजार मात्र)** का दरले विशेष छात्रवृत्ति प्रदान गरिनेछ ।
- नगरभित्रका मेडिकल डाक्टर पढ्न चाहने गरिब, जेहेन्दार तथा विपन्न वर्गलाई (दलित, महिला, जनजाति, अपांग वा उत्पीडित वर्ग) प्रति वर्ष ३ (तिन) जना विद्यार्थीका लागि प्रति विद्यार्थी **रु १,००,०००।- (एक लाख)** का दरले छात्रबृद्धि प्रदान गरिनेछ । सो सुविधा प्राप्त गरेका डाक्टरले चौसागढीको अस्पतालमा २ वर्ष अनिवार्य सेवा गर्नुपर्नेछ ।
- विद्यालयमा आधुनिक प्रविधि सम्बन्धी ज्ञानको अध्यायपन गराइनेछ ।
- प्रत्येक विद्यालयमा इन्टरनेट जडानको अभियान थालनी गरिनेछ ।
- चौतारा बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहको पढाई सञ्चालन गर्न पहल गरिनेछ ।
- अन्य वडाहरुमा रहेका स्कुल तथा कलेजहरुको स्तरोन्नतीमा विशेष जोड दिईनेछ ।
- CTEVT संग समन्वय गरी कम्तिमा ५ वटा मा.वि. तहका स्कुलहरुमा प्राविधिक शिक्षा संचालन गर्न पहल गरिनेछ ।
- स्काउटका गतिविधिहरुलाई प्रोत्साहित गरिनेछ ।

## सँचार तथा पत्रकारितातर्फ

- सिन्धु साहित्य र पत्रकारिताको विकासको लागि विशेष कार्यक्रम बनाइनेछ ।
- विकास,चेतना र खोजमूलक क्षेत्रमा कलम चलाउने उत्कृष्ट विकास पत्रकारलाई पुरस्कृत गरिनेछ ।
- नगरको संचार क्षेत्रको विकासका लागि विविध कार्यक्रमहरु संचालन गरिनेछ ।

## युवा तथा खेलकुदतर्फ

- नगरका युवाहरुको शारिरीक एवम मानसिक विकासको लागी एक वडा एक खेलकुद मैदान निमार्ण अभियान शुरु गरिनेछ ।
- नगर भित्र युवाहरुको वौद्धीक, राजनैतिक र नेतृत्व क्षमता अभिबृद्धि गर्ने उद्देश्यले नगर स्तरमा युवा सुचना केन्द्र स्थापित गरीने छ ।
- चौ सा गढी न.पा.मा INDOOR GAME को विकासको लागी एक वडा एक कबर्ड हल निर्माणको पहल गरिनेछ ।
- नगरमा दक्ष र व्यावसायीक खेलाडी उत्पादन गर्ने उदेश्यले नगर स्तरमा एक वटा Sport Academy संचालन गर्न पहल गरिनेछ ।

## गैसस तर्फ

- नगर कार्यपालिकाको कार्यालयमा एउटा गैरसरकारी संस्था समन्वय डेस्क राखिनेछ ।
- नगर भित्रका विकास मुलक सबै गतिविधिहरुमा गैरसरकारी संस्थाहरु संग समन्वय र सहयात्राको निति लिईनेछ ।

- सुचना प्रविधितर्फ
- चौतारा बजार क्षेत्रका महत्वपुर्ण स्थान र प्रत्येक वडा कार्यालयहरुलाई **free Wifi Zone** को रुपमा विकास गरिनेछ ।
- प्रत्येक वडामा Internet को व्यवस्था गरिनेछ र वडा कार्यालयका सबै काम **Online System** बाट गर्ने व्यवस्था मिलाईनेछ ।
- जनप्रतिनिधि, कर्मचारी, र सेवाग्रहीहरुको कार्य पारदर्शीताका लागि नगर कार्यपालिकाको कार्यालय सहित प्रत्येक वडा कार्यालयहरुमा **C.C Camera** जडान गरिनेछ र यसलाई क्रमश स्थानिय तह अर्न्तगत रहेका सबै कार्यालयहरुमा पनि जडान गर्दै लगिनेछ ।
- चौतारा सागाचोकगढी नगरपालीका भित्रको बजारक्षेत्रको सुरक्षा व्यवस्थालाई मध्यनजर गर्दै विशेष स्थानहरुमा C.C. Camera जडान कार्यको थालनी गरिनेछ ।
- **सवै प्रकारका व्यक्तिगत घटना दर्तालाई Online system प्रयोगमा ल्याउने ।**
- **चौतारा टुडिखेल क्षेत्रलाई तत्काले Free wifi zone को रुपमा विकास गर्ने ।**

यातायाततर्फ

- चौतारा बजार र अन्य वडाहरु विचको यातायात सुविधालाई प्रभाबकारी बनाउन यातायात व्यवसायीसंगको समन्वयमा नगर बस संचालनको थालनी गरिनेछ ।
- **ठुला सवारी साधन बसपार्क सम्म र मुख्य वजार क्षेत्रभन्दा वाहिर सँचालनको व्यवस्थापन गर्ने ।**
- **सामान लोड हेभि गाडीहरु दिनको समयमा मुख्य बजार क्षेत्रमा प्रवेश निषेधको व्यवस्था गर्ने।**
- **यातायात व्यवसायीहरुसगको समन्वयमा छोटा रुटका नगरस्तरीय यात्रुवाहक सार्वजनिक सवारी साधन सँचालनको वातावरण तयार गर्ने ।**

भुमी व्यवस्थापनतर्फ

- **भुउपयोग नीति तयार गर्ने र भुमीको जोखिम तथा अवसर पहिचान गर्ने ।**
- **एकिकृत वस्ति विकास, एकिकृत कृषि प्रणाली, खेलकुद क्षेत्र विकास र पर्यटन विकासको पुर्वाधार तयार गर्ने ।**
- **नगर क्षेत्रमा पुर्ननापी गरिनेछ ।**

वन तथा भुसँरक्षणतर्फ

- नगर भित्र सम्भाव्यता अध्ययन गरि चिडीयाघर निर्माणको पहल गरिनेछ ।
- शहरी क्षेत्रमा हरेक घरमा वृक्षारोपणलाई प्रोत्साहित गर्ने ।
- वडा कार्यालय परिसरलाई वृक्षारोपण सहित हरियाली बनाउने ।

- प्रत्येक एक घर पांच फलफुल विरुवा रोप्न प्रोत्साहित गर्ने ।
- वडा जोड्ने प्रत्येक पिच बाटोको दाँयाबाँया हरियाली बनाउने ।

<u>राजस्व परिचालनतर्फ</u>

- नगरपालिकाको आन्तरिक आम्दानीका स्रोतहरु पहिचान र सो को परिचालन गर्ने।
- वडागत आन्तरिक आम्दानीको दायरा बढाउन वडा कार्यालयहरुबाट प्रस्ताव पेश गर्ने ।
- सडक मापदण्ड, कर, राजस्व, शुल्क, दस्तुर मा आगामी आ.व. देखि नगरका सवै क्षेत्रमा एकरुपता कायम गर्ने ।
- आगामी आ.व.का लागि विज्ञापन कर, व्यवसाय कर, घर वहाल कर जस्ता कर प्रासीका स्रोतहरुको पहिचान, दर्ता, नविकरण र सो को सार्वजनिक सुचना व्यवस्थापन गर्ने ।

<u>योजना अनुगमन तथा सुपरिवेक्षणतर्फ</u>

- वडागत विकास योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण वडाध्यक्षबाट गर्ने ।

<u>विविधतर्फ</u>

- **जनतासंग मेयर/उपमेर** कार्यक्रम अन्तर्गत महिनाको एक पटक मेयर / उपमेयर जनताको घरदैलोमा जाने र जनगुनासो सुन्ने, जनताको काममा सघाउने एवं श्रमदान गर्ने अभियान थालनी गरिनेछ।
- चौतारा सांगाचोकगढी नगरपालिकामा स्थानिय तह निर्वाचन, २०७४ बाट निर्वाचित नगरकार्यपालिकाका सदस्यहरु सवैले आफ्नो कार्यकाल रचनात्मक, सफल र नमुनायोग्य बनाउन आ-आफ्नो स्थानबाट पुर्ण इमान्दारीका साथ प्रतिवद्द रहने ।
- यस नगरकार्यपालिकाका सवै सदस्यहरुबाट आफ्नो पदको अधिकार प्रयोगमा सधै उच्च इमान्दारीता, जीवनशैलीमा उच्च सदाचार, जनताको सेवा र नगरको प्रगतिमा उच्च मनोवलका साथ हरहमेशा क्रियाशिल रहने ।
- कार्यसम्पादनका क्रममा प्रचलित नीति, नियम, कानून र कार्यविधिको नगरकार्यपालिकाका सवै सदस्यहरुबाट पुर्ण पालना गरिने ।
- सम्वृद्द नगरपालिका निर्माणका लागि अपनाईने मार्गदर्शनहरुको निम्न अनुसार पहिचान गरि सो सम्बन्धि प्रस्ताव नगरसभाको बैठकमा पेश गर्ने र आगामी आ.ब. देखि लागु हुने गरि सम्बृद्द नगरपालिका निर्माणको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना निर्माण प्रकृया अबलम्बन गर्ने ।
- कानून र कार्यकारी आदेशबाट तोकिएका नगरपालिका तथा वडाका अधिकारहरु प्रभावकारी रुपमा प्रयोग गर्ने ।

- साविक चौतारा नगरपालिका र हाल यस चौतारा साँगाचोकगढी नगरपालिकामा समावेश भएका साविकका ६ वटा गाविसहरुले यस आवमा सम्पन्न गर्नुपर्ने सवै योजना तथा कार्यक्रम तदारुकताका साथ सम्पन्न गर्ने ।
- वडा तथा नगर प्रोफाईल निर्माणको प्रकृया अगाडी बढाउने ।
- सेफ्टी टंकी सफा गर्ने गाडी खरिद गर्ने ।
- नगरपालिकाको लागि एउटा सवारी साधन खरिद गर्ने ।
- बिषयगत निकायका योजनाहरुलाई समावेश गर्ने ।
- स्थानिय तह सन्चालन सम्बन्धि कार्यकारी आदेशमा उल्लेखित काम, कर्तव्य र अधिकार बमोजिम थप योजनाहरु निर्माण गर्ने ।
- नगर क्षेत्रका सवै घरहरु दर्ता र सुचिकृत गर्ने ।
- आगामी आ.ब.का लागि नीति, योजना, कार्यक्रम तथा बजेटको तयारी

  आगामी आ.व. २०७४/०७५ का लागि नगरको नीति योजना कार्यक्रम तथा बजेटको तयारी सहभागितामुलक योजना पद्दती अवलम्बन गरि बस्ती टोल र वडा हुदै नगरस्तरमा समग्र तथा एकिकृत योजना निर्माण गर्न सवैले आ-आफ्नो स्थानबाट सक्रिय रहने ।
- नगरपालिकामा कानून बमोजिम तोकिने विभाग / समितिहरु गठन गर्ने ।
- विदेशी शहरसगँ भगिनि सम्बन्ध स्थापित गर्न पहल गर्ने ।
- स्थानिय तहमा कार्यरत कर्मचारीलाई कार्यवातावरण निर्माण गर्ने ।
- नगरका सार्वजनिक सरोकारका निर्णय र निर्णय कार्यान्वयन बारे सार्वजनिक सँचार माध्यमबाट आम नगरबासीमा जानकारी गराउने ।
- कानून, कार्यकारी आदेश बमोजिम नगरपालिका र वडालाई प्राप्त अधिकार र तोकिएको काम, कर्तव्य, पुर्ण रुपमा पालना तथा कार्यान्वयन गर्ने ।
- नगरपालिकामा थप हुन आएका साविकका ६ गा.वि.स.हरुको हकमा २०७४ असाढ मसान्तसम्म घरनक्सा मापदण्ड, करका दर, प्रचलित सिफारिश दस्तुर, योजना भुक्तानी तथा फरफारक जस्ता बिषयहरु साविक गाविसले निर्धारित गरे बमोजिम भई आएकोमा असाढ मसान्तसम्म हाल भईरहेको कामकारवाहीलाई अनुमोदन गर्ने ।
- घरबाटो प्रमाणितमा २०७४ बैशाख पुर्व नगरपालिकाबाट लिईदै आएको दस्तुर र वडाबाट लिईदै आएको सिफारिश दस्तुर समेतले दोहोरो दस्तुर कायम भई एउटै विषयमा दोहोरो दस्तुर देखिँदा २०७४ बैशाख पुर्वको आम्दानी तथा तत्तत्पश्चातको घरबाटो प्रमाणित दस्तुरमात्रको आम्दानी अनुमोदन गरि आगामी आ.ब.बाट यस प्रकारका दस्तुरमा एकरुपता कायम गर्ने ।
- वडाहरुको आन्तरिक आम्दानीलाई यथाशिघ्र मुलखातामा जम्मा गर्ने प्रणाली तत्काल अवलम्बन गर्ने।

- नगरकार्यपालिकाको प्रत्येक बैठकमा आमन्त्रणका लागि प्रत्येक सदस्यलाई पत्राचार गर्न जनशक्ति र समयअभाव हुने देखिदा टेलिफोनबाट प्राप्त आमन्त्रण विधि अनुसार बैठकमा उपस्थित हुने ।
- खर्च र आम्दानी सम्बन्धि विषयमा सवै वडाध्यक्षहरुले नगरसभाको निर्णयानुसार मात्र गर्ने । अत्यावश्यक विषयमा नगरपालिकासग समन्यव गर्ने ।
- सेवा प्रवाहमा विश्वसनियता, पारदर्शिता, निष्पक्षता र शिघ्रता कायम गर्ने ।
- "हाम्रो जीवन सम्बृद्द नगरका लागि" नारा तय गर्ने ।
- स्थानिय तह सन्चालन सम्बन्धि कार्यकारी आदेशमा उल्लेखित काम, कर्तव्य र अधिकार बमोजिम थप योजनाहरु निर्माण गर्ने ।

प्रस्ताव नँ. २ का सम्बन्धमा छलफल गर्दा,

निर्णय नँ. २ राजस्व परामर्श समितिलाई पुर्णता दिने सम्बन्धमा छलफल गर्दा स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम निम्नानुसार राजस्व परामर्श समितिलाई पुर्णता दिने निर्णय गरियो ।

१. उपप्रमुख जानुका पराजुली ----------------------- सँयोजक
२. कार्यकारी अधिकृत उमाकान्त अधिकारी ----------------- सदस्य
३. नगरकार्यपालिका सदस्य नरमान श्रेष्ठ -------------------------सदस्य
४. नगरकार्यपालिका सदस्य शर्मिला नेपाली ----------------------सदस्य
५. उ.वा.सँ. सिन्धुपाल्चोक प्रतिनिधि श्यामकृष्ण श्रेष्ठ---------------सदस्य
६. नगरकार्यपालिका कार्यालय लेखा प्रमुख रामकृष्ण कार्की -------सदस्य

प्रस्ताव नँ. ३ का सम्बन्धमा छलफल गर्दा,

निर्णय नँ. ३ स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिलाई पुर्णता दिने सम्बन्धमा छलफल गर्दा स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम निम्नानुसार स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिलाई पुर्णता दिने निर्णय गरियो ।

१. प्रमुख अमानसिँ तामाङ ----------------------- --------------- सँयोजक
२. उपप्रमुख जानुका पराजुली -----------------------------------------सदस्य
३. कार्यकारी अधिकृत उमाकान्त अधिकारी ----------------- ------ सदस्य
४. नगरकार्यपालिका सदस्य नरमान श्रेष्ठ -------------------------------सदस्य
५. नगरकार्यपालिका सदस्य मैती लामा---- ----------------------------सदस्य

६. नगरकार्यपालिका सदस्य पुतली वि.क.-------------------------------सदस्य
७. नगरकार्यपालिका कार्यालय योजना शाखा प्रमुख ई. बद्रि भुजेल -------सदस्य

प्रस्ताव नँ. ४ का सम्बन्धमा छलफल गर्दा,
निर्णय नँ. ४ बिषयगत समिति गठन र सोको पुर्णता दिने सम्बन्धमा छलफल गर्दा प्रमुखबाट निम्न बमोजिमका वडा अध्यक्षहरुलाई समितिको सँयोजक तोकिएको तथा अन्य सदस्यहरु मध्ये नगर कार्यपालिका तथा नगरसभाका सदस्यहरुलाई निम्नानुसार विषयगत समितिका सदस्यहरु छनौट गरि निम्न बमोजिम समितिहरुलाई पुर्णता दिने निर्णय गरियो ।

क. सार्वजनिक सेवा तथा क्षमता विकास समिति
१. बिष्णु लामा -------------- सँयोजक
२. तोक बहादुर तामाङ----------सदस्य
३. गणेश वि.क. ---------------सदस्य
४. दधिराम पराजुली ------------सदस्य
५. आशामाया माझी -------------सदस्य

ख. आर्थिक विकास समिति
१. नरमान श्रेष्ठ -------------- सँयोजक
२. तिर्थ बहादुर श्रेष्ठ ---------सदस्य
३. सानुकान्छा श्रेष्ठ ------------सदस्य
४. कृष्ण दँगाल ---------------सदस्य
५. शर्मिला नेपाली -------------सदस्य

ग. सामाजिक विकास समिति
१. राम प्रसाद गौतम -------------- सँयोजक
२. लिला बहादुर गिरी --------------सदस्य
३. टेक बहादुर तामाङ--------------सदस्य
४. सानुमैया थापा-------------------सदस्य
५. उर्मिला थापा मगर-------------सदस्य

घ. पुर्वाधार विकास समिति

१. चुडामणि नेपाल---- -------------- सँयोजक

२. दिपेन्द्र थापा-------------------------सदस्य

३. ध्रुवराज गिरी -----------------------सदस्य

४. प्रविन घले -------------------------सदस्य

५. नारायणदेवी घले--------------------सदस्य

ङ. वातावरण तथा विपद व्यवस्थापन समिति

१. शेर बहादुर श्रेष्ठ --- -------------- सँयोजक

२. शुसिल माझी -----------------------सदस्य

३. भेष बहादुर खत्री -------------------सदस्य

४. विष्णुमाया तामाङ--------------------सदस्य

५. बिष्णु रानामगर----------------------सदस्य

च. विधेयक समिति

१. उमा प्रसाद दुलाल --- ----------- सँयोजक

२. सागर परियार-----------------------सदस्य

३. बेल बहादुर महत-------------------सदस्य

४. कमल श्रेष्ठ------------------------सदस्य

५. रोजिना घतानी----------------------सदस्य

प्रस्ताव नँ. ५ का सम्बन्धमा छलफल गर्दा,

निर्णय नँ. ५ बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई पुर्णता दिने सम्बन्धमा छलफल गर्दा स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम निम्नानुसार बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई पुर्णता दिने निर्णय गरियो ।

१. उपप्रमुख जानुका पराजुली-------------------------------- सँयोजक

२. वडाध्यक्ष तिर्थ बहादुर श्रेष्ठ --------- -------- --------सदस्य

३. वडाध्यक्ष टेक बहादुर तामाङ  ------------------------------सदस्य
४. वडाध्यक्ष तोक बहादुर तामाङ--------------------------------सदस्य
५. वडाध्यक्ष दिपेन्द्र थापा---------------------------------------सदस्य
६. वडाध्यक्ष सुशिल माझी--- -----------------------------------सदस्य
७. वडाध्यक्ष वेल बहादुर महत- ---------------------------------सदस्य
८. कार्यकारी अधिकृत उमाकान्त अधिकारी ----------------------सदस्य - सचिव

प्रस्ताव नँ. ६ का सम्बन्धमा छलफल गर्दा,

निर्णय नँ. ६ वडाहरुको योजना प्राथमिकिकरण तथा एकिकृत योजना तर्जुमा  सम्बन्धमा छलफल गर्दा स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम वडास्तरबाट तोकिएको बजेट सिलिङमा रहि योजनाहरुको प्राथमिकिकरण गरि एकिकृत बजेट निर्माणको लागि बिषयगत / क्षेत्रगत रुपमा सुची तयार गर्न मिति २०७४ असाढ २३ गते विहान १०.०० बजे सम्म विषयगत समिति मार्फत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरिसक्ने ।

प्रस्ताव नँ. ७ का सम्बन्धमा छलफल गर्दा,

निर्णय नँ. ७ बजेट तथा कार्यक्रम तर्जुमा समितिले राजस्व परामर्श समितिबाट प्राप्त करका दरहरु सहितको आर्थिक ऐन विद्ययेक तथा विषयगत समितिहरुबाट प्राप्त राय सुझाव सिफारिश समेतका आधारमा स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिमको प्रक्रिया पुरा गरि बजेट तथा कार्यक्रम नगरकार्यपालिकाको मिति -------------------को ----------बजेको बैठकमा स्वीकृतिका लागि पेश गर्ने । मिति --------------को नगरसभाको बैठकमा बजेट तथा कार्यक्रम समितिका सँयोजकबाट बजेट भाषण मार्फत पेश गर्ने ।

प्रस्ताव नँ. ८ का सम्बन्धमा छलफल गर्दा,

निर्णय नँ. ८ नगरसभाको शुरु बैठक मिति--------------------गते ----------------बजे तथा समापन बैठक मिति---------------------गते------------बजे गर्ने निर्णय गरियो ।

प्रस्ताव नँ. ९ का सम्बन्धमा छलफल गर्दा,

निर्णय नँ. ९ सँघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त हुन आएका स्थानिय तह सन्चालन सम्बन्धि विभिन्न नमुना कानूनहरु यस नगरपालिका अनुकुल बनाई स्वीकृतिका लागि सभामा पेश गर्ने ।